राष्ट्रको गौरव
गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्भवेत् ।
gorkhapatraonline.com
राष्ट्रिय संस्करण | विवेचना | विकासको वैकल्पिक मोडेल | मासुमा लगाइएको छाप खानयोग्य १४
वर्ष १०६ । अङ्क १८५ । २०८३ मंसिर ४ गते शनिवार । कार्तिक शुक्ल एकादशी । नेपाल संवत ११४५ कलयब्द ५१ । 2026 November 20 Friday । पृष्ठ - १२४ । मूल्य : रु.५ प्रतियाँ



नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

बागमती प्रदेश दोलखा जिल्लाको बिगु गाउँपालिका वडा नम्बर १ मा श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाडौँद्वारा निर्माणाधीन जुमखोला जलविद्युत आयोजना (७० मे.वा.) को मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सम्बन्धमा ।

सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति वि.सं. २०८३/०८/०४

नेपाल सम्वत् ११४७

प्रस्तावक श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाडौँद्वारा निर्माणाधीन जुम खोला जलविद्युत आयोजना (७० मे.वा.) को मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन २०७७ सालमा स्वीकृत भएको र स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय (२०७९/१२/२८) बमोजिम १५.१७२ हेक्टर जग्गा भोगाधिकारको निर्णय भई प्राप्त गरिसकेकोमा आयोजनाको देउराली भन्ने स्थानमा ठूलो पहिरो गएको हुँदा आयोजनाका केही संरचनाहरू स्थानान्तरण गर्नुपर्ने र त्यसरी स्थानान्तरण गर्दा नेट हेड २४९.६२ मिटरबाट बढी २७९.८७ मिटर र क्षमता साविकको ५६ मे.वा.बाट ७० मे.वा.मा वृद्धि हुने तथा इन्टेक, हेडरेस टनेलको साइजमा केही परिवर्तन भएको छ ।

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (३) बमोजिम यस मस्यौदा प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाडौँद्वारा निर्माणाधीन जुम खोला जलविद्युत आयोजना (७० मे.वा.) प्रस्तावको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा सार्वजनिक गरिएको र कृषि, वन तथा पर्यावरण मन्त्रालयको Website: www.moafe.gov.np र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको Website: www.moewri.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनका सम्बन्धमा राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले मस्यौदा प्रतिवेदनमा समावेश गर्न लगाउनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:-

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौँ ।
श्री गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, चरिकोट, दोलखा ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, भिमसेनगोला ९, काठमाडौँ ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर । मुकाम सानो ठिमी, भक्तपुर ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौँ ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौँ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, चरिकोट, दोलखा ।
श्री बिगु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, लादुक, दोलखा ।

राय सुझाव पठाउने ठेगाना,

कृषि, वन तथा पर्यावरण मन्त्रालय, वातावरणीय मापदण्ड तथा प्रभाव अध्ययन केन्द्र,
सिंहदरबार, काठमाडौँ । फोन नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११५६८
Email:- info@moafe.gov.np